आज मिति २०७२ चैत्र २३ गते मंगलबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडा

आमन्त्रित

सामुदायीक अधिकृत श्री अनन्त प्रकाश बस्ती

इन्जीनियर श्री कमल प्रसाद कोइराला

ना.सु. श्री लक्ष्मी राई

**निर्णय नं. १** मेचीनगर नगरपालिका कार्यालय र सामुदायिक विकास मञ्च, मेचीनगर-१० को सम्झौता अनुसार मिति २०७२/११/२१ गते सम्पन्न दोश्रो चौमासिकको प्रतिवेदन प्राप्त भै छलफल भयो । पहिलो चौमासिकमा कार्यालयका तर्फबाट भएका प्रतिबद्धताहरुको कार्यान्वयन स्थितिको समिक्षा गर्दै यस पटक उठेका सवालहरु क्रमशः सम्बोधन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. २** स्थानीय शासन नयाँ सामुदायिक विकास कार्यक्रम अर्न्तगत नागरीक सचेतना केन्द्र मार्फत संचालन गरीने साना पूर्वाधार कार्यक्रमका लागि प्राप्त भएका योजनाहरु संलग्न गरी तयार गरीएको लागत अनुमान सहितको विवरण कार्यान्वयनमा लैजाने जानकारीका लागि कल्ष्टर कार्यालय विराटनगर पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३** मेचीनगर वडा नं. १० स्थित बस टर्मिनल नगरविकास कोष समेतको लगानीमा निर्माण भएको र सो बस टर्मिनलको पूर्वपट्टीको सूर्योदय मार्गमा रहेको कालोपत्रे भाग पूर्णरुपमा बिग्रिएको वर्षातको पानी राम्ररी बाहिर जान नसक्ने अवस्था भएको हुदाँ बस टर्मिनल भित्र जाने सवारी साधन लगायत सो सडक प्रयोग गर्ने अन्य सवारी साधनबाट यातायात सञ्चालन गर्न अतिनै असुविधा भएको हुनाले पूर्वपश्चिम लोकमार्गबाट शान्तिमार्ग सम्मको भागमा ड्रेनसमेतको व्यवस्था गरी सडक पूनः निर्माण गर्न आवश्यक भएको हुनाले सो सडक भागको लागत अनुमान तयार गरी हेर्दा रु. ५०,००,५७०/६३ आएको हुदाँ सो योजनाको कार्यान्वयनका लागि नगर विकास कोषमा अनुरोध गरी पठाउने निर्णय गरियो ।